"आमूल परिवर्तन र निष्पक्षताको वाहक"

# प्राणमञ्च

राष्ट्रिय मासिक

वर्ष- ४, अंक ३, भाद्र- २०८०    Online-; www.pranmancha.com



# निरीह सत्ताको राष्ट्रघात

## स्वाधीनताका घाउ चर्काइरहने गण्डक बाँध





**पर्यावरणमा पूँजीवादी दोहन र समाजवादी निकास**
-: रोशन जनकपुरी

**कम्युनिस्ट आन्दोलनमा साँस्कृतिक रुपान्तरणको प्रश्न:** -: शशिधर भण्डारी

**राजनीति, मिडिया स्वत्वको सवाल**-: नरेन्द्रजंग पिटर

**जन्मदिनको शुभकामना दिने कि नदिने ?**
-: इस्माली

चर्चित

# UWS को अनुदानले मेटायो बालविकासको २६ वर्षे इतिहास



**दातृ निकायको ५० लाख र पालिकाको १२ लाखमा बनेको फाइबर इटाको ८ कोठे भवन, साँघुरो कोठा भएकोले यसमा पठनपाठन गर्न समस्या भएको छ ।**

**प्राणमञ्च डेस्क, गुल्मी**

गुल्मी जिल्लाको मदाने १ अग्लुङमा विद्यालय भवन निर्माण तथा शैक्षिक गुणस्तर विकासको नाममा त्यहाँका शैक्षिक सरोकारवाला एवम् शिक्षाप्रेमीहरूमाथि गम्भीर आघात पुग्ने ढंगले काम गरेको पाइएको छ । यु डब्लु एस (UWS) नामक विदेशी दातृ निकाय प्रोजेक्टले देशका ३ वटा जिल्लामा भवन निर्माण, पुनः निर्माण तथा शैक्षिक गुणस्तर विकासको क्षेत्रमा विदेश स्थिति विभिन्न निकायको सहयोगमा सुधारका कार्य गर्दै आइरहेको छ । गुल्मीका सबैजसो स्थानीय तहमा शैक्षिक उनन्नयको नारा बोकेर काम गरिरहेको सो संस्थाले मदाने गाउँपालिका १ अग्लुङमा रहेको बालविकास प्राथमिक विद्यालयमा पालिकाको ३० प्रतिशत म्याचिङ कार्यक्रममा ८ कोठे भवन र दुई कोठे शौचालयको निर्माण गरेको छ । रहस्यमय कुरा के छ भने, गतवर्ष निर्माण भई यहि जेष्ठ १९ मा हस्तान्तरण सम्पन्न भएको सो विद्यालयमा कहीँ कतै पनि विद्यालयको नाम, स्थापना मितिको साइनबोर्ड/होडिङबोर्ड र विद्यालयको लोगो राखिएको छैन ।

विगत २०५४ सालदेखि स्थानीय शिक्षाप्रेमीहरूको पहलमा कक्षा ३ को संचालन अनुमती लिइएको सो विद्यालयमा हाल कक्षा ५ सम्म पठनपाठन हुने गरेको छ भने यहाँ १ सय ४५ जना विद्यार्थीले अध्ययन गरिहेका छन् । समस्या कहाँ हो भने (UWS) आउनुभन्दा पहिले ७ कोठे भवन र चर्पी सहितको पूर्वाधार विकास तथा जनस्रोतको व्यवस्थापन गरेर चलाइएका सो विद्यालयमा हुँदाहुँदाको ७ कोठे भवन र चर्पी समेत भत्क्याएर अनुदानको नाममा स्थानीय जनसमुदायको गम्भीर अपमान र बालविकास विद्यालयको इतिहास नामेट हुनेगरी भवन निर्माण गरिएको छ । साबिकको जिल्ला शिक्षा कार्यालय तम्घास गुल्मीमा २०५४ सालमा दर्ता भई हाल ५ सम्म सञ्चालनमा रहेको विद्यालयमा संरचना निर्माण गरेपछि अबको ५ वर्षसम्म (UWS) ले नै रेखदेख र व्यवस्थापन गर्नेगरि दुई जना शिक्षक पनि राखेको छ । मौजुदा भवन र चर्पीसमेत भत्काएर नयाँ विद्यालय नै खोलिएको दावी गर्नेगरी गरिएको सो कार्यक्रमको नाममा विद्यालयको नामको आधिकारिक साइनबोर्ड समेत नराख्नु इतिहासमाथिको भद्दा मजाक भएको अग्लुङ निवासी पत्रकार एवम् समाजसेवी अग्निधर चन्द बोहोराले बताए । उनले आफ्ना बाबू-बाजेहरूले शिक्षाको क्षेत्रमा गरेको लगानीको सम्मान गर्न र अघिल्लो पुस्ताबाट सकारात्मक शिक्षा लिँदै भावी पुस्तालाई त्यसको पुनर्ताजगी गर्नमा सो विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, मदानेको वडापालिका, गाउँपालिका र सबै सरोकारवालाहरू चुकेको बताए । विदेशीको स्वार्थरहित सहयोग अनिवार्य रहेको भएपनि सहयोगी संस्थाको स्वार्थ बाँझिनु राम्रो नहुने बताउँदै चन्दले यस विषयले आफुलाई पनि गम्भीर बनाएको जनाए । विदेशी संस्थाको सहयोगलाई सम्मानित ढंगले ग्रहण गर्नु अनिवार्य रहेको र सो संस्थालेबनाएको भौतिक संरचनाको काम सराहनीय भएपनि समाजको मान हानि गरेकोमा दातृ निकायको बदनीयत भूमिकाप्रति दुख व्यक्त गरे ।

सहयोगको नाममा स्थानीय शिक्षाप्रेमीहरूको इतिहास मेटिएको विषय आफुलाई जानकारी नभएको पालिका उपाध्यक्ष सरिता खड्काले प्राणमञ्चसँग बताइन् । उनले पालिकाको समेत (३० प्रतिशत) १२ लाख लगानी गरि सो भवन निर्माण गरिए पनि पालिकाकै अनुपस्थितमा दातृ निकाय (UWS) का प्रतिनिधि र विद्यालय प्रशासनले गोप्य ढंगले उद्धघाटन गर्न खोजेको कुरा पालिकामा थाहा भएपछि ध्यानाकर्षण गराएर संयुक्त रूपमा कार्यक्रम गरिएको तर विद्यालयको साइनबोर्ड भए/नभएको आफुले ख्यालै नगरेको बताइन् । उनले यस विषयमा तुरून्त समाधान निकाल्न पहल गर्ने जिकिर गरिन् । खड्काले पालिकाको पनि ३० प्रतिशत लगानी गरिएको कार्यक्रममा पालिका प्रशासनको ध्यानाकर्षण तथा हस्तक्षेप नहुनु र दातृ निकायले गरेको बदमासीको सुइँको नपाउनुमा कमजोरी भएको स्विकारिन् । दुईदुई पटकसम्म

# रमणीय ढोराटन पुग्न कठिन, पुगेपछि स्वर्गानुभूती







# सुदुर-उत्तरको सुन्दर तकसेरा





# ऐतिहासिक लुकुम गाउँ



## पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विभिधताको संरक्षण गरौं
- चौपायजन्य घरपालुवा जनावरहरुलाई जथाभावी छाडा नछोडौं

याद गरौं, परिवारका सदस्य मिले राम्रो घर बन्छ, परिवार मिले समाज बन्छ र हजारौं समाजहरु मिलेमा असल राष्ट, असल राष्ट्रको हकदार त्यो देशका करोडौं जनता हुन्छन् । त्यसैले हरेक नागरिक जिम्मेवार बनौं

उच्च शिक्षा र रोजगारी
त्यसपछि गर्ने गरौं बिहेबारी

आउनुहोस्ः- सभ्य, सुसंकृत र समृद्ध पालिका निर्माणमा सबैले हातेमालो गरौं

**नलगाड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय**

**कर्णाली प्रदेश जाजरकोट, नेपाल**



## पालिकाबासीमा हाम्रो अनुरोध

- ३५ दिनभित्र नजिकको वडामा गई सबै घटनाको दर्ता अनिवार्य गरौं
- नक्सा पास गरेर मात्र भवन निर्माण गरौं, भवनसंहिताको पालना गरौं
- रुख रोपौं, पर्यावरणलाई संरक्षण गरौं र स्वच्छ वातावरणमा जीऔं
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो, नछुटाई जन्मदर्ता गरौं
- प्रशस्त मात्रामा शुद्ध पानी पिऔं, रोग प्रतिरोध क्षमताको विकास गरौं
- अधिकारसँगै कर्तव्यको पालना गरि सामाजिक सदभाव कायम गरौं
- समयमै कर तिरौं, जरिवानाबाट बचौं र समृद्ध देश निर्माणमा जुटौं
- जातिय छुवाछुत दण्डनीय भएकोले जातको आधारमा विभेद नगरौं
- जेष्ठ नागरिक र असहाय मानवको सेवा गरी सभ्य नागरिक बनौं
- सम्पूर्ण व्यवसाय आधिकारीक निकायमा दर्ता गरेर संचालन गरौं
- जडीबुटी, जीवजन्तु र जैविक विभिधताको संरक्षण गरौं
- चौपायजन्य घरपालुवा जनावरहरुलाई जथाभावी छाडा नछोडौं

याद गरौं, परिवारका सदस्य मिले राम्रो घर बन्छ, परिवार मिले समाज बन्छ र हजारौं समाजहरु मिलेमा असल राष्ट, असल राष्ट्रको हकदार त्यो देशका करोडौं जनता हुन्छन् । त्यसैले हरेक नागरिक जिम्मेवार बनौं

उच्च शिक्षा र रोजगारी
त्यसपछि गर्ने गरौं बिहेबारी

**दार्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय**

**कर्णाली प्रदेश सल्यान, नेपाल**